नेपाल सरकार

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

सरोकारवाला र सर्वसाधारणको लागि राय माग गरिएको सम्बन्धी सूचना

प्रकाशन मितिः २०८३/८/९

नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान अध्यादेश, २०८३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान नियमावली, २०८३ मस्यौदा तयार गरिएको छ। प्रस्तुत मस्यौदा उपर सरोकारवाला तथा सर्वसाधारणहरुको रायको लागि प्रकाशन गरिएको हुँदा सो मस्यौदा उपर तपसिलमा उल्लिखित ढाँचा र Email: info@mosti.gov.np र m.secretariate@mosti.gov.np मार्फत ७ (सात) दिन भित्र आफ्नो राय तथा सुझाव/प्रतिक्रिया उपलव्ध गराइदिनु हुन सरोकारवाला सबै र सर्वसाधारण समक्ष सादर अनुरोध छ।

तपसिल

राय, सुझाव/परामर्श ढाँचाः

क्र.सं.	प्रस्ताविक नियमावली मस्यौदाको व्यवस्था	नियमावली मस्यौदाको नियम र उपनियम	राय, सुझाव/परामर्श	पुष्ट्याई

नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान नियमावली, २०८३ (मस्यौदा)

नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान अध्यादेश, २०८३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यी नियमहरु बनाएको छ।

परिच्छेद - १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-**

(क) "अध्यादेश" भन्नाले नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान अध्यादेश, २०८३ सम्झनुपर्छ।

(ख) "निर्वाचन समिति" भन्नाले नियम ५ बमोजिम गठन भएको अध्यक्षको निर्वाचन समिति सम्झनुपर्छ।

(ग) "पदपूर्ति समिति" भन्नाले नियम १७ बमोजिम गठन हुने वैज्ञानिक तथा कर्मचारी पदपूर्ति समिति सम्झनुपर्छ।

(घ) "परिषद्" भन्नाले अध्यादेशको दफा १५ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनुपर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले अध्यादेशको दफा ३ बमोजिम स्थापना भएको नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान सम्झनुपर्छ।

(च) "समकक्षी समीक्षा" भन्नाले अध्यादेशको दफा १३ को कार्यान्वयनका लागि सम्बन्धित वैज्ञानिक विधाका स्वतन्त्र, विज्ञ तथा ख्यातिप्राप्त विशेषज्ञहरूद्वारा शोधपत्र, अनुसन्धान प्रस्ताव, प्राज्ञिक योगदान वा कार्यसम्पादनको आधारमा गरिने वस्तुनिष्ठ मूल्याङ्कन प्रक्रिया सम्झनुपर्छ ।

(छ) "सिफारिस समिति" भन्नाले उपाध्यक्ष नियुक्तिको सिफारिस गर्न अध्यादेशको दफा २० को उपदफा (२) बमोजिम गठन हुने समिति सम्झनुपर्छ।

परिच्छेद - २
संगठनात्मक संरचना सम्बन्धी व्यवस्था

३. **शाखा कार्यालय र सम्पर्क बिन्दु स्थापना** : अध्यादेशको दफा ३ को उपदफा (४) र दफा ४४ को उपदफा (१) बमोजिम प्रज्ञा-प्रतिष्ठानले शाखा तथा सम्पर्क कार्यालय स्थापना गर्दा मन्त्रालयसँग स्वीकृति लिनुपर्नेछ।

४. **<u>तोकिएका अन्य निकायहरू</u>** : अध्यादेशको दफा ६ को खण्ड (ङ) बमोजिम प्रज्ञा-प्रतिष्ठानको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यकतानुसार प्राज्ञ सभाको सिफारिसमा स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिमका अन्य निकायहरु रहनेछन्।

परिच्छेद - ३

<u>अध्यक्ष तथा उपाध्यक्षको नियुक्ति तथा सेवा सुविधा सम्बन्धी व्यवस्था</u>

५. **<u>अध्यक्षको निर्वाचन तथा उम्मेदवारी प्रक्रिया</u>**: (१) अध्यादेशको दफा १८ को उपदफा (१) बमोजिम अध्यक्षको पदको निर्वाचन गर्न प्रतिष्ठानको सभापतिले सभाका सदस्यहरूमध्येबाट कुनै एक प्राज्ञ सदस्यको संयोजकत्वमा मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि र एक जना वैज्ञानिक विज्ञ सदस्य रहेको तीन सदस्यीय निर्वाचन समिति गठन गर्नेछ।

(२) निर्वाचन समितिले मतदान हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै निर्वाचन कार्यतालिका प्रकाशन गर्नेछ।

(३) अध्यादेशको दफा १८ को उपदफा (१) र दफा २२ बमोजिम योग्यता पुगेका प्राज्ञ सदस्यले निर्वाचन समितिले तोकेको ढाँचामा आफ्नो उम्मेदवारी दर्ता गराउनुपर्नेछ।

(४) निर्वाचन गोप्य मतदानको माध्यमबाट हुनेछ र अध्यादेशको दफा १२ को उपदफा (४) बमोजिम प्राज्ञ सदस्य, प्रविधि-प्रवीण सदस्य र आबद्ध युवा सदस्यलाई मतदान गर्ने अधिकार हुनेछ।

(५) खसेको कूल सदर मतको बहुमत प्राप्त गर्ने उम्मेदवार अध्यक्ष पदमा निर्वाचित हुनेछ।

(६) निर्वाचन समितिले निर्वाचन सम्पन्न भएपछि निर्वाचित उम्मेदवारको नाम नियुक्तिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्नेछ।

(७) अध्यक्ष छनौट मापदण्ड, आचारसंहिता र निर्वाचन सम्बन्धी अन्य कार्यविधि निर्वाचन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

६. **<u>उपाध्यक्षको सिफारिस तथा वरिष्ठता निर्धारण</u>**: (१) अध्यक्षको नियुक्ति भएको मितिले पैचालीस दिनभित्र सिफारिस समितिले उपाध्यक्षको नियुक्ति सिफारिस गर्नेछ।

(२) अध्यादेशको दफा २० को उपदफा (२) बमोजिम गठन भएको सिफारिस समितिले उपाध्यक्षको नियुक्ति प्रयोजनका लागि योग्य प्राज्ञ सदस्यहरूबाट दरखास्त आह्वान गर्नेछ।

(३) सिफारिस समितिले विज्ञता, अनुभव, सोंचपत्र / व्यवस्थापन योजना र प्रस्तुतिकरणका आधारमा मूल्याङ्कन गरी उच्चतम अङ्क प्राप्त गर्ने दुई जना फरक फरक विधाका उपाध्यक्षका लागि दुई दुई जना योग्य उम्मेदवारको नाम मन्त्रालयसमक्ष सिफारिस गर्नेछ ।

(४) मन्त्रालयले उपनियम (३) बमोजिम सिफारिस भई आएका उम्मेदवारमध्येबाट दुई जना उपाध्यक्ष नियुक्त गर्नेछ।

(५) उपनियम (४) बमोजिम नियुक्त उपाध्यक्षको वरिष्ठता मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपाध्यक्षको सिफारिस सम्बन्धी अन्य कार्यविधि सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

७. **अध्यक्ष र उपाध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू:** नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा परिषद्का अध्यक्ष र उपाध्यक्षको पारिश्रमिक र सेवाका शर्तहरु अनुसूची-१ मा तोकिए बमोजिम हुनेछ।

परिच्छेद - ४

ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था

८. **ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्रको संरचना** : (१) वरिष्ठ उपाध्यक्षको प्रत्यक्ष नेतृत्वमा रहने गरी केन्द्रअन्तर्गत ब्रेन गेन इकाई र आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाई रहनेछन्।

(२) ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्रको आवश्यक इकाई तथा व्यवस्थापन, विज्ञान, प्राविधिक सम्बन्धी पदहरु सङ्गठनात्मक ढाँचा र दरबन्दी विवरण नेपाल सरकारबाट स्वीकृत संगठन तथा व्यवस्थापन प्रतिवेदन बमोजिम हुनेछ।

९. **विज्ञ परिचालन तथा विशेष सुविधा** : (१) स्वदेशी वा विदेशी अनुसन्धानकर्ता वा वैज्ञानिकलाई बढीमा एक वर्षसम्मको अवधिका लागि अनुसन्धान परियोजना वा फेलोसिपमा आबद्ध गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम आवद्ध व्यक्तिहरुलाई प्रतिष्ठानले आवश्यकता र औचित्यका आधारमा पुनः एक वर्ष अवधी थप गर्न सक्नेछ।

(३) उपनियम (२) भन्दा बढी अवधी थप गर्नुपर्ने भएमा आवश्यकता र औचित्य खुलाई प्रतिष्ठानले मन्त्रालयमा सहमतिका लागि पेश गर्नुपर्नेछ र मन्त्रालयले बढीमा तीन वर्ष सम्म अवधी थप गर्न सक्नेछ।

(४) अध्यादेशको दफा २८ को उपदफा (१) को खण्ड (ग) बमोजिम स्वदेश फर्किने वा आमन्त्रित विज्ञहरूलाई देहायका विशेष सुविधा प्रदान गरिनेछ :-

(क) वैज्ञानिक उपकरण तथा अनुसन्धान सामग्री आयात गर्दा लाग्ने भन्सार तथा कर छुटका लागि मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा सिफारिस,

(ख) प्रज्ञा-प्रतिष्ठानका प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटिङ पूर्वाधारहरूको निःशुल्क उपयोग,

(ग) अनुसन्धान कार्य सञ्चालन गर्न प्रारम्भिक अनुदान,

(घ) नेपाल सरकारद्वारा निर्धारित विशेष भत्ता वा पारिश्रमिक।

(५) अनुसन्धान परियोजना वा फेलोसिप छनौट, परिचालन र आवद्ध अनुसन्धानकर्ता वा वैज्ञानिकको अन्य सेवा सुविधा सम्बन्धी मापदण्ड अध्यादेशको दफा ५१ बमोजिम प्रतिष्ठानले निर्धारण गरेको विनियमावली बमोजिम हुनेछ।

१०. **<u>ब्रेन गेन इकाईको अन्य काम कर्तव्य र अधिकार</u>** : (१) अध्यादेशको दफा २८ को उपदफा (१) अतिरिक्त ब्रेन गेन इकाईको अन्य काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्वदेश तथा विदेशमा विभिन्न उच्च प्राज्ञिक तथा वैज्ञानिक क्षेत्रमा कार्यरत नेपाली वैज्ञानिकहरूको रोस्टर (विशेषज्ञ सूची) तयार गरी डिजिटल रुपमा समेत अद्यावधिक राख्ने,

(ख) स्वदेश तथा विदेशका विश्वविद्यालय र अनुसन्धान संस्थामा कार्यरत स्वदेशी तथा विदेशी विज्ञहरूलाई अतिथि प्राध्यापक वा विशेषज्ञ सल्लाहकारका रूपमा आमन्त्रित गर्ने,

(ग) प्रज्ञा-प्रतिष्ठान र अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्रहरूबीच ज्ञान, प्रविधि र विज्ञहरूको साझेदारी सहज बनाउन द्विपक्षीय समझदारी तथा आन्तरिक कार्यविधि तयार गर्ने,

(घ) स्वदेशी तथा विदेशी वैज्ञानिकहरूले नेपालका स्थानीय समस्याहरू समाधानका लागि ल्याएका अनुसन्धान परियोजनाहरूलाई सहजीकरण गर्ने,

(ङ) विदेशबाट फर्किने वा अल्पकालीन रूपमा देश फर्किएका विज्ञहरूका लागि फेलोसिप, अनुसन्धान अनुदान र आवश्यकतानुसार कार्यस्थल, प्रयोगशाला स्पेस उपलब्ध गराउने व्यवस्थाको संयोजन गर्ने,

(च) राष्ट्रिय आवश्यकताका आधारमा ब्रेन गेन कार्यक्रम अन्तर्गत समेटिनुपर्ने उच्च प्राथमिकताका वैज्ञानिक क्षेत्रहरूको पहिचान गरी प्रतिष्ठानसमक्ष सिफारिस गर्ने,

(छ) ब्रेन गेन कार्यक्रम मार्फत देशमा भित्रिने ज्ञान, प्रविधि र अनुसन्धान परिणामहरूको प्रभावकारिता र योगदानको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ज) स्वदेशमा वा विदेशमा अध्ययन वा अनुसन्धान गरिरहेका प्रतिभावान नेपाली युवा विद्यार्थीहरूको प्रतिभा पलायन रोक्न उनीहरूलाई देशको विज्ञान प्रणालीसँग जोड्ने विशेष आकर्षणका कार्यक्रमहरू पहिचान गरी प्रतिष्ठानसमक्ष पेश गर्ने,

(झ) ब्रेन गेन इकाईको कार्यप्रणालीलाई पारदर्शी, प्रभावकारी र प्रविधिमैत्री बनाउने र वार्षिक प्रगति प्रतिवेदन कार्यकारी परिषद् समक्ष पेस गर्ने।

११. <u>आधारभूत विज्ञान अनुसन्धान तथा विकास सम्बन्धी अन्य व्यवस्थाः</u> (१) अध्यादेशको दफा २९ को उपदफा (२) बमोजिमका अन्य कार्यहरु कार्यकारी परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

१२. <u>आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाईको सहकार्यः</u> (१) अध्यादेशको दफा २९ को उपदफा (२) बमोजिम आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाईले देहायका विषयमा सहकार्य गर्न सक्नेछः-

(क) स्वदेशी तथा विदेशी विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूबीच आधारभूत विज्ञानको क्षेत्रमा संयुक्त अनुसन्धान तथा शैक्षिक आदान-प्रदान,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रख्यात अनुसन्धान संस्था, प्रयोगशाला र प्राज्ञिक प्रतिष्ठानहरूसँग साझेदारी सञ्जाल निर्माण,

(ग) अन्तर्राष्ट्रिय वैज्ञानिक सङ्गठनहरूसँग नेपालको तर्फबाट प्रतिनिधित्व गर्दै द्विपक्षीय तथा बहुपक्षीय वैज्ञानिक परियोजनाहरूमा सहभागिता,

(घ) प्रज्ञा-प्रतिष्ठानका प्रयोगशाला तथा उपकरणहरु प्रयोग गर्न विश्वविद्यालय, प्रयोगशाला, अनुसन्धानकर्ता र संस्थाहरुसँग सहकार्यको विधि तथा मापदण्ड निर्धारण,

(ङ) वैज्ञानिक अनुसन्धानका लागि आवश्यक पर्ने स्रोत साधनका लागि विकास साझेदार तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूसँग सहकार्यको प्रस्ताव तयारी,

(च) राष्ट्रिय सुरक्षा, स्वास्थ्य र सार्वजनिक हितसँग सरोकार राख्ने अन्य सरकारी निकायहरूसँग समन्वय गरी संयुक्त वैज्ञानिक कार्यदल गठन र सहकार्य,

(छ) प्रादेशिक तथा स्थानीय तहमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकासका लागि प्रादेशिक सरकार तथा स्थानीय तहसँग सहकार्य ।

(२) उपनियम (१) का अतिरिक्त सहकार्यका अन्य विषय वा क्षेत्रहरु कार्यकारी परिषद्को सिफारिसमा मन्त्रालयले निर्धारण गर्न सक्नेछ।

१३. <u>आधारभूत विज्ञान अनुसन्धान तथा विकास सम्बन्धी अनुगमन तथा मूल्याङ्कनः</u> अध्यादेशको दफा २९ को उपदफा (२) बमोजिम आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाईले देहायका विषयमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ :-

(क) सञ्चालनमा रहेका प्रत्येक अनुसन्धान परियोजनाको प्रगतिको नियमित अनुगमन गर्ने,

(ख) अनुगमनका क्रममा प्राप्त सुझाव र पृष्ठपोषणलाई कार्यान्वयनमा ल्याई परियोजनाको लक्ष्य हासिल गर्न सहजीकरण गर्ने,

(ग) प्रत्येक आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण अनुसन्धान परियोजनाहरूको अनुगमन प्रतिवेदन तयार गरी प्राज्ञ सभासमक्ष पेश गर्ने,

(घ) अनुसन्धान परियोजनाको प्रभावकारिता र वैज्ञानिक गुणस्तरको स्वतन्त्र समकक्षी विज्ञद्वारा मूल्याङ्कन गराउने,

(ङ) अनुसन्धानकर्ताहरूले उत्पादन गरेको वैज्ञानिक ज्ञान, पेटेन्ट र जर्नल प्रकाशनका आधारमा वार्षिक रुपमा व्यक्तिगत कार्यसम्पादन मूल्याङ्कन गर्ने,

(च) निर्धारित समयसीमाभित्र काम सम्पन्न नगर्ने वा सन्तोषजनक नतिजा नदिने अनुसन्धानकर्ता वा परियोजनाको आर्थिक सहयोग रोक्का गर्ने,

(छ) मूल्याङ्कन समितिको सिफारिसलाई कार्यकारी परिषद्ले अनुमोदन गरी अभिलेख राख्ने र आगामी योजनामा सुधारका लागि आधारको रूपमा प्रयोग गर्ने ।

१४. **आधारभूत विज्ञान अनुसन्धान तथा विकास सम्बन्धी अनुसन्धानको पुनरावलोकनः** अध्यादेशको दफा २९ को उपदफा (२) बमोजिम आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाईले देहायका आधारमा अनुसन्धान तथा विकास कार्यक्रम र कार्यनीतिको पुनरावलोकन गर्नेछ :-

(क) आधारभूत विज्ञान अनुसन्धान नीति, प्राथमिकता र कार्यक्रमहरुको प्रत्येक दुई वर्षमा पुनरावलोकन गर्ने,

(ख) विज्ञान, प्रविधि र नवप्रवर्तनको क्षेत्रमा आएका नवीन आयाम, फ्रन्टियर प्रविधि र विश्वव्यापी वैज्ञानिक रूपान्तरणलाई समेट्न अनुसन्धान कार्यक्रमहरूको वार्षिक पुनरावलोकन गर्ने,

(ग) अन्तर्राष्ट्रिय स्तरका राम्रा अभ्यासहरू लाई अध्ययन गरी नेपालको सन्दर्भमा उपयुक्त हुनेगरी अनुसन्धान तथा विकासका मापदण्डहरूको पुनरावलोकन गर्ने,

(घ) बौद्धिक सम्पत्ति अधिकार र अनुसन्धानबाट प्राप्त हुने लाभको बाँडफाँटसम्बन्धी विद्यमान समस्याको समाधानका लागि गर्नुपर्ने कानूनी सुधारका सम्बन्धमा प्रतिष्ठानसमक्ष सिफारिस गर्ने,

(ङ) अनुगमन मूल्याङ्कनका क्रममा देखिएका कमजोरी र त्रुटि सच्याउने ।

परिच्छेद - ५

व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्र सम्बन्धी व्यवस्था

१५. **व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको अन्य इकाईहरुः** (१) अध्यादेशको दफा ३० को उपदफा (३) मा तोकिएका अतिरिक्त अन्य इकाई संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन बमोजिम प्राज्ञ सभाको सिफारिसमा आवश्यकता अनुसार रहनेछन् ।

१६. **व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको अन्य काम कर्तव्य र अधिकारः** अध्यादेशको दफा ३१ को अतिरिक्त अन्य काम कर्तव्य र अधिकार प्राज्ञ सभाको सिफारिसमा मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ ।

परिच्छेद - ६

प्रतिष्ठानको वैज्ञानिक, प्राविधिक तथा कर्मचारी सम्बन्धी व्यवस्था

१७. **वैज्ञानिक तथा प्राविधिक कर्मचारीहरुको सेवा शर्तः** (१) अध्यादेशको दफा ३४ को उपदफा (८) बमोजिम वैज्ञानिक तथा कर्मचारीको नियुक्ति, काम कर्तव्य र अधिकार, कार्यविधि निर्धारण, सेवा शर्त, सुविधा र अवकाश लगायतका व्यवस्था अध्यादेशको दफा ५१ बमोजिम प्राज्ञ सभाले स्वीकृत गरेको विनियमावली बमोजिम हुनेछ।

(२) प्रतिष्ठानको आवश्यकताअनुसार निश्चित परियोजना, अनुसन्धान वा नियमित कार्यका लागि करार सेवामा वैज्ञानिक तथा प्राविधिक कर्मचारी नियुक्त गर्न सकिनेछ।

(३) उपनियम (२) बमोजिम नियुक्त वैज्ञानिक तथा प्राविधिक कर्मचारीहरुको कार्यसम्पादन सूचक सहितको आवधिक मूल्याङ्कनका आधारमा प्रतिष्ठानले करार समाप्त गर्न वा सेवाबाट अवकाश दिन सकिनेछ।

१८. **प्रतिष्ठापनमा कार्यरत कर्मचारीको व्यवस्थापनः** (१) यो नियमावली प्रारम्भ हुँदाका बखत प्रतिष्ठानमा कार्यरत स्थायी वैज्ञानिक तथा कर्मचारीको हकमा निजको सेवा शर्तमा प्रतिकूल असर नपर्ने गरी देहाय बमोजिम संक्रमणकालीन व्यवस्थापन गरिनेछः

(क) यो नियमावली प्रारम्भ हुँदाका बखत साविकको सेवा शर्तबमोजिम स्थायी पदमा कार्यरत वैज्ञानिक तथा कर्मचारीहरुलाई स्वीकृत दरबन्दीमा मिलान गरिनेछ।

(ख) स्वीकृत दरबन्दी भन्दा बढी भएका वैज्ञानिक तथा कर्मचारीलाई नियमानुसार पाउने सेवा सुविधा सहित सेवाबाट अवकाश दिन सकिनेछ।

(ग) साविकको सेवा शर्तबमोजिम स्थायी नियुक्त भई स्वीकृत दरबन्दीमा कार्यरत वैज्ञानिक तथा प्राविधिक कर्मचारीको दुई वर्षसम्म कार्यसम्पादन मूल्याङ्कनमा असी प्रतिशतभन्दा कम भएमा निजहरुलाई सेवा सुविधामा नघट्ने गरी सेवाबाट अवकाश दिइनेछ।

(घ) स्थायी दरबन्दीमा कार्यरत वैज्ञानिक तथा कर्मचारीका लागि प्राज्ञ सभाले स्वीकृत गरेको विशेष प्रोत्साहन रकम सहितको स्वैच्छिक अवकाश योजना लागू गर्न सकिनेछ।

(ङ) हालको अस्थायी वा करार सेवामा कार्यरत वैज्ञानिक तथा कर्मचारीहरुको हकमा कार्यसम्पादन मूल्याङ्कनका आधारमा निजहरुको सेवा निरन्तरताका सम्बन्धमा प्रतिष्ठानले निर्णय गर्न सक्नेछ।

(च) खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम व्यवस्थापन नभएका वैज्ञानिक तथा कर्मचारीका हकमा निजको अनिवार्य अवकाश नहुँदासम्म खाइपाई आएको सेवा

सुविधा नघट्ने गरी साविककै सेवा सर्तमा विशेष (पुल) दरबन्दी कायम गरी मन्त्रालयले अन्य अनुसन्धान केन्द्र वा निकायमा खटाउन सक्नेछ र निजको अवकाशसँगै त्यस्तो दरबन्दी स्वतः खारेज हुनेछ।

(२) उपनियम (१) बमोजिमको प्रक्रिया र त्यसबाट सिर्जना हुने आर्थिक दायित्वको व्यवस्थापन नेपाल सरकार (अर्थ मन्त्रालय) को पूर्वसहमति लिई प्राज्ञ सभाले स्वीकृत गरेको विशेष कार्यविधि बमोजिम हुनेछ।

(३) वैज्ञानिक तथा कर्मचारीको पदपूर्ति सम्बन्धी व्यवस्था अध्यादेशको दफा ५१ बमोजिम प्राज्ञ सभाले स्वीकृत गरेको विनियमावली बमोजिम हुनेछ।

परिच्छेद - ७

विविध

१९. **पुनः लगानी गरिएको आयमा कर छुट सुविधाः** अध्यादेशको दफा ४१ को उपदफा (३) बमोजिम प्रज्ञा-प्रतिष्ठानले रोयल्टी, इजाजत शुल्क, प्रविधि बिक्री वा लगानीबाट आर्जन गरेको आयलाई वैज्ञानिक अनुसन्धान, प्रोटोटाइप विकास वा प्रयोगशाला विस्तारमा पुनः लगानी गरेमा त्यस्तो रकममा प्रचलित कानूनबमोजिम कर छुट सुविधा प्राप्त हुनेछ ।

२०. **प्रतिष्ठानको गोपनीयता, सुरक्षा र नैतिक मापदण्ड :** प्रतिष्ठानले अध्यादेशको दफा ३६ बमोजिम कार्य गर्दा देहायका गोपनीयता, सुरक्षा र नैतिक मापदण्डहरूको पालना गर्नुपर्नेछः-

(क) सम्बन्धित निकायको स्वीकृति लिई राष्ट्रिय सुरक्षा, संवेदनशील वैज्ञानिक खोज अनुसन्धानसँग सम्बन्धी कार्य गर्ने र सो सम्बन्धी सूचना तथा तथ्याङ्क सुरक्षित भण्डारण तथा प्रयोग सम्बन्धी कार्यविधि बनाई लागू गर्ने,

(ख) द्विपक्षीय वा बहुपक्षीय संयुक्त अनुसन्धान तथा वैज्ञानिक आदान-प्रदान कार्यक्रमहरू सञ्चालन गर्दा राष्ट्रिय कानून, अन्तर्राष्ट्रिय मान्यता प्राप्त वैज्ञानिक प्रोटोकल, आचारसंहिता र मापदण्ड लागू गर्ने,

(ग) जैविक स्रोतहरू, आनुवंशिक नमुनाहरू वा संवेदनशील जैविक सामग्रीहरूको अन्तर्राष्ट्रिय आदान-प्रदान गर्दा प्रचलित राष्ट्रिय कानून, जैविक विविधता महासन्धी अन्तर्गतको नागोया प्रोटोकलको मर्म र जैविक सुरक्षा सम्बन्धी प्रोटोकलको पालना गर्ने,

(घ) संयुक्त अनुसन्धान वा सहकार्यका क्रममा सिर्जना हुने ज्ञान, पेटेन्ट र बौद्धिक सम्पत्ति अधिकारको सुरक्षा तथा स्वामित्वसम्बन्धी विषयमा सम्झौताका मापदण्डहरू लागू गर्ने/गराउने,

(ङ) प्रज्ञा-प्रतिष्ठानले विदेशी संस्था वा वैज्ञानिकहरूसँग सहकार्य गर्दा सम्बन्धित निकायको पूर्वस्वीकृति बिना रणनीतिक रूपमा संवेदनशील वैज्ञानिक निष्कर्ष, ब्लुप्रिन्ट वा प्रतिवेदनहरू सार्वजनिक गर्न नपाउने गरी सूचना चुहावट नियन्त्रण गर्ने,

(च) अनुसन्धान वा सर्वेक्षणका क्रममा संकलन गरिएका नमूना, तथ्याङ्क, नागरिकका व्यक्तिगत विवरण र संवेदनशील तथ्याङ्कहरूको गोपनीयता सुनिश्चित गर्न गोपनीयता सम्बन्धी प्रचलित कानूनको पालना गर्ने,

(छ) शोधपत्र, वैज्ञानिक लेख तथा प्रतिवेदनहरूमा पूर्ण प्राज्ञिक प्रामाणिकता कायम गर्ने तथा बौद्धिक चोरी वा अनुसन्धान निष्ठाविपरीतका कार्यहरूलाई निषेध गर्ने,

(ज) वैज्ञानिक, पदाधिकारी वा अनुसन्धानकर्ताहरूले अध्ययन अनुसन्धान गर्दा आफ्नो व्यक्तिगत वा संस्थागत स्वार्थको द्वन्द्व सम्बन्धी स्वःघोषणा गर्ने गराउने,

(झ) गोपनीयता, सुरक्षा र नैतिक मापदण्डका लागि नैतिक संहिता, आचारसंहिता र कार्यसंहिता सम्बन्धी थप मापदण्डहरु प्रतिष्ठानले बनाई लागू गर्ने ।

२१. <u>**प्राज्ञ तथा पदाधिकारीहरूको आचारसंहिताः**</u> (१) प्राज्ञ सभाका सदस्यहरू, कार्यकारी परिषद्का सदस्यहरू तथा प्रज्ञा-प्रतिष्ठानका सम्पूर्ण पदाधिकारीहरूले देहायका बमोजिमका आचारसंहिता पालना गर्नुपर्नेछ :-

(क) स्थापित आचारसंहिता,

(ख) पद धारण गरेको मितिले र प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रचलित कानूनबमोजिम आफ्नो अद्यावधिक सम्पत्ति विवरण अनिवार्य रूपमा पेस गर्ने,

(ग) प्रत्येक आर्थिक वर्ष सुरु भएको तीस दिनभित्र र कुनै पनि निर्णय प्रक्रिया, मूल्याङ्कन वा सिफारिस समितिमा बस्नुअघि आफ्नो वा नजिकका नातेदार वा सहकार्य गरेका व्यक्ति वा संस्थासँगको स्वार्थ बाझिने विषय भए लिखित रूपमा स्वःघोषणा गरी त्यस्तो कारबाहीबाट स्वतः अलग रहने,

(घ) प्रज्ञा-प्रतिष्ठानको प्राज्ञिक स्वायत्तता, निष्पक्षता र गरिमा कायम राख्न कुनै पनि राजनीतिक दलको औपचारिक सदस्यता नलिने वा दलगत राजनीतिक गतिविधिमा संलग्न नहुने,

(ङ) समकक्षी समीक्षा, परीक्षा, पुरस्कार छनौट तथा नीतिगत निर्णयका गोप्य सूचनाहरू चुहावट नगर्ने।

(च) नैतिक संहिता, आचारसंहिता र कार्यसंहिता सम्बन्धी थप मापदण्डहरु प्रतिष्ठानले बनाई लागू गर्ने ।

(२) उपनियम (१) बमोजिमको आचारसंहिता उल्लङ्घन गरेको प्रमाणित भएमा अध्यादेशको दफा २६ को उपदफा (८) बमोजिम प्राज्ञ सभाले आवश्यक छानबिन गराई सचेत गराउने, निलम्बन गर्ने वा भविष्यमा प्राज्ञ सदस्य वा पदाधिकारी हुन नपाउने गरी पदबाट निश्कासन गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम निष्कासन गर्नुपूर्व सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ।

(४) उपनियम (३) बमोजिम तोकिएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नभएमा प्राज्ञ सभाले उपनियम (२) बमोजिमको सजाय गर्ने निर्णय गर्न सक्नेछ र त्यस्तो आचारसंहिता उल्लङ्घनका कारण प्रतिष्ठानलाई कुनै आर्थिक वा अन्य हानि नोक्सानी पुगेको देखिएमा निजबाट सोको क्षतिपूर्ति समेत असुल उपर गर्ने निर्णय गर्न सक्नेछ।

२२. **अनुसूचीमा संशोधन वा हेरफेर गर्ने अधिकार** : यस नियमावलीका अनुसूचीहरूमा समयसापेक्ष रूपमा कुनै पनि संशोधन वा थपघट गर्नुपरेमा प्रज्ञा-प्रतिष्ठानको सिफारिसमा मन्त्रालयले आवश्यक हेरफेर गर्न सक्नेछ।

२३. **खारेजी र बचाऊ** : (१) नेपाल विज्ञान, प्रविधि प्रज्ञा-प्रतिष्ठान ऐन, २०४८ बमोजिम बनेका नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, प्रदेशस्तरीय अनुसन्धान केन्द्र स्थापना एवं संञ्चालन सम्वन्धी नियमावली २०७८, पदाधिकारी, सेवा आयोग अध्यक्ष एवं सदस्यहरुको पारिश्रमिक तथा अन्य सुविधा एवं प्राज्ञ तथा सह-प्राज्ञहरुको सुविधा सम्वन्धी नियमावली २०६६, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन नियमावली २०६६, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान कर्मचारी प्रशासन नियमावली २०६४, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान संगठन तथा व्यवस्थापन सम्वन्धी नियमावली २०६६ खारेज गरिएको छ।

तर, आर्थिक प्रशासन, कर्मचारी प्रशासन, संगठन तथा व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था नभएसम्मका लागि अध्यादेश र नियमावलीसँग नबाझिएको हदसम्म साविकको व्यवस्थाबमोजिम कार्यसम्पादनमा बाधा पर्नेछैन।

(२) उपनियम (१) बमोजिम खारेज भएका नियमावली बमोजिम भए गरेका कामकारबाही यसै नियमावली बमोजिम भएको मानिनेछ।

अनुसूची - १

(नियम ८ सँग सम्बन्धित)

अध्यक्ष र उपाध्यक्षको पारिश्रमिक तथा सेवा सुविधा

क्र.सं.	सुविधाको प्रकार	अध्यक्षको पारिश्रमिक तथा सुविधाको विवरण	उपाध्यक्षको पारिश्रमिक तथा सुविधाको विवरण
१.	**मासिक पारिश्रमिक**	दुई लाख पच्चीस हजार	दुई लाख
२.	**चाडपर्व खर्च**	एक महिनाको आधारभूत पारिश्रमिक बराबर	एक महिनाको आधारभूत पारिश्रमिक बराबर
३.	**आवास सुविधा**	प्रतिमहिना पच्चीस हजार रुपैयाँ	प्रतिमहिना पच्चीस हजार रुपैयाँ
४.	**सवारी सुविधा**	चालकसहितको सवारी साधन	चालकसहितको सवारी साधन
५.	**इन्धन सुविधा**	मासिक रुपमा १०० लिटर डिजेल वा पेट्रोल र ५ लिटर मोबिल । विद्युतीय सवारी साधन प्रयोग गरेको अवस्थामा मासिक दश हजार	मासिक रुपमा १०० लिटर डिजेल वा पेट्रोल र ५ लिटर मोबिल । विद्युतीय सवारी साधन प्रयोग गरेको अवस्थामा मासिक दश हजार
६.	**सञ्चार सुविधा**	मासिक सात हजार	मासिक सात हजार
७.	**बैठक भत्ता**	प्रति बैठक तीन हजार	प्रति बैठक तीन हजार
८.	**दैनिक भ्रमण भत्ता**	दैनिक चार हजार	दैनिक चार हजार
९.	**बिदा सम्बन्धी सुविधा**	नेपाल सरकारका निजामती कर्मचारीले पाउने सरहको बिदा सुविधा	नेपाल सरकारका निजामती कर्मचारीले पाउने सरहको बिदा सुविधा